**Scholars' Journal**
ISSN: 2645-8381
Published by Scholars' Association of Nepal
A Multidisciplinary Peer Reviewed, Open Access Journal
https://www.nepjol.info/index.php/scholars

# 'चिसो एष्ट्रे' कवितामा ध्वनि सौन्दर्य र ध्वन्यार्थको पहिचान

कमला रेग्मी
दर्शनाचार्य शोधार्थी, त्रिभुवन विश्वविद्यालय, नेपाल
Email: kamalaregmi1122@gmail.com

**Article History: Received:** 31 August 2021; **Revised:** 4 December 2021; **Accepted:** 6 December 2021

## लेखसार

प्रस्तुत अध्ययन कवि भूपी शेरचनद्वारा रचित 'चिसो एष्ट्रे' गद्य लघु-कविताभित्र प्रयुक्त ध्वनि सौन्दर्यको पहिचान र विश्लेषणमा केन्द्रित छ। एउटै पङ्क्तिको ४५ शब्दमा रचित यस कविताभित्रको त्रिकोणात्मक घटनालाई आनन्दवर्धनको ध्वनि सिद्धान्तका आधारमा केलाउनु नै यस अध्ययनको मूल उद्देश्य रहेको छ। पूर्वीय साहित्य सिद्धान्तमा आधारित भएर यो अध्ययनलाई वाच्यार्थ र व्यङ्ग्यार्थको कोणबाट विश्लेषण गरिएको छ। कवितामा प्रयुक्त भनाइको गाम्भीर्यता र ध्वनिको सुगठनलाई उक्तिवैचित्यका आधारमा अध्ययनको केन्द्रविन्दु बनाइएको छ। ग्रामीण समाजका निम्नमध्यम वर्गले ठुलो भनिएको सहर काठमाडौँमा आएर जीवन सुधार्ने सपना देख्नु, तिनले अनेकन सङ्घर्ष गरे पनि हन्डर खाइरहनु तथा टुटेको ठुटे लक्ष्य बोकेर घर फर्कनु पर्दाको विसङ्गतिलाई यस अध्ययनमा ध्वनि सौन्दर्यको व्यङ्ग्यार्थ भावका आधारमा केलाइएको छ। यसमा शब्द सौन्दर्य र अर्थगत आधारलाई विश्लेषण गरिएको छ। यो लेख गुणात्मक अध्ययन विधिमा आधारित छ। पुस्तकालयीय सन्दर्भ सामग्रीको उपयोगद्वारा सम्पन्न गरिएको यस लेखमा विशेष गरेर ध्वनि सौन्दर्यको पहिचानलाई मूल आधार बनाइएको छ। समग्रतः यस कवितामा बिम्बात्मक भाव, विसङ्गतिबोधको चित्र र सबाल्टर्न वर्गको दीनताभित्र सजिएको ध्वनि सौन्दर्यचेत ध्वनित रहेको पाइएको छ।

***मुख्य शब्दावली :*** अलङ्कार, उत्तरआधुनिकता, लक्षणविज्ञान, विसङ्गतिबोध, सबाल्टर्न, समाजवाद

## परिचय

चिसो एष्ट्रे भूपी शेरचन (वि.सं. १९९२-२०४६) द्वारा रचित गद्य कविता हो। भूपीका रचनामा मार्क्सवादी चिन्तन तथा समाजवादको प्रभाव रहेको देखिन्छ। उनकापरिवर्तन (नाटक, २०१०), नयाँ झ्याउरे (२०११), निर्झर (२०१५), घुम्ने मेचमाथि अन्धो मान्छे (२०२५) र उनको मृत्युपछि शिव रेग्मीको सम्पादनमा भूपी शेरचनका कविता (२०५७) प्रकाशित कृति हुन्। यसका साथै उनको

*Copyright 2021 ©Author(s) This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

'अल्भेछ क्यारे पछ्यौरी' गीतलाई नारायण गोपालले गाएका हुन् भने यसमा अम्बर गुरुङको सङ्गीत रहेको छ । अध्ययनका लागि छनोट गरिएको 'चिसो एष्ट्रे' कविता 'घुम्ने मेचमाथि अन्धो मान्छे' कविता सङ्ग्रहमा सङ्कलित ४२ ओटा कवितामध्ये एक प्रमुख कविता हो । यो कविताभित्र वर्णित निम्न-मध्यम वर्गीय वेदनामा एउटा सिङ्गो ग्रामीण समाजको प्रतिनिधित्व भएको छ । यहाँ शोषित र सबाल्टर्न वर्गको आवाजलाई उरालिरहँदा शोषक वर्गको रूपमा काठमाडौँ सहरलाई उभ्याइएको छ । यसमा कविले झल्झलाकार मानिएको ठुलो सहर काठमाडौँलाई गरिबका लागि चिसो एष्ट्रेको संज्ञा दिएका छन् । यसले कविताको आन्तरिक सौन्दर्यलाई बिम्बका आधारमा गुणात्मक तुल्याएको छ । यसका साथै कविताको पददेखि सङ्कथनसम्ममा आएको भावले ध्वनि सौन्दर्यलाई कलात्मक रूपमा प्रदर्शन गरेको छ । वस्तुतः कवितामा काठमाडौँ उपत्यकाभित्र कुँजिएका कुण्ठित मानिसको आर्थिक, सामाजिक, सांस्कृतिक लगायतका विविध पक्षको चित्रण गरिएको छ । विभिन्न सपना बोकेर काठमाडौँ आउने, बस्ने र जानेहरूको विवशता कवितामा पाइन्छ । व्यस्त र अलेसान महलभित्र यान्त्रिक ढोङका कारण देखाइएको सपना र ग्रामीण समाजको तिरस्कृत वेदनालाई उजागर गरिएको छ । यही मर्मलाई ध्वनि सिद्धान्तका आधारमा अध्ययन गर्नु सान्दर्भिक ठानिएको छ ।

ध्वनि सौन्दर्य संस्कृत काव्यशास्त्रीय चिन्तन परम्परामा स्थापित सिद्धान्त हो । रस, रीति, अलङ्कार, गुण आदि काव्य सिद्धान्तले काव्यको सम्पूर्णतालाई समेट्न नसकेको हुँदा र काव्यको मर्मोद्घाटन गर्ने सिद्धान्तको आवश्यकता भएकाले आनन्दवर्धनले ध्वनि सिद्धान्तको स्थापना गरेको देखिन्छ (गड्तौला, २०७१, पृ. ६६) । विभिन्न सपना बोकेर काठमाडौँ आउने, बस्ने र जानेहरूको बाध्यतालाई कवितामा देखाइएकाले सोही सन्दर्भभित्रका पदाश्रित, पदावली-आश्रित, प्रकरणाश्रित ध्वनिलाई यहाँ अध्ययन गरिएको छ । क्रान्तिकारी कवि शेरचनले साम्यवादी सोचको भावलाई कवितामा पीडित वर्गको पक्षबाट प्रगतिवादी यथार्थवादी सोचलाई अघि सारेका छन् । देशमा दुख्नेहरूको वेदना यसभित्र मुखर भएको छ । यसर्थ पछिल्लो काव्य सिद्धान्तका सन्दर्भलाई समेत हेरिनु आवश्यक ठानी कवितामा निहित भावगत आधारमा सबाल्टर्न अवधारणालाई पनि समावेश गरेर विश्लेषण गरिएको छ ।

चिसो एष्ट्रे कविता ध्वनि र व्यञ्जनाका दृष्टिले गहन र मार्मिक रहेको छ । साहित्यमा पूर्ण कृतिले दिने अर्थ र भित्री अंश-अंशको अर्थगत सम्बन्ध आपसमा गाँसिएर आएको हुन्छ । साहित्यका आन्तरिक वा सूक्ष्म संरचनामा सक्रिय हुन आउने घटकहरूलाई प्रायः बिम्ब, प्रतीक, अलङ्कार, वाग्वैदग्ध्य (उक्तिवैचित्य), लय, शब्द वा भाषा आदि विभिन्न तत्वका रूपमा चिनिन्छ (पाण्डेय, २०६५, पृ. ११) । भूपी शेरचनका काव्यकृतिहरूको काव्यिक मूल्य र सौन्दर्य पहिचान गर्ने सन्दर्भमा विभिन्न अध्ययन अनुसन्धानका कार्य भए तापनि ध्वनि सिद्धान्तमा केन्द्रित भएर उनको चिसो एष्ट्रे कविताको विश्लेषण भएको पाइँदैन । यसर्थ किनारीकृत भएका एउटा ग्रामीण समाजको ठुलो वर्गका सपना कसरी तुषारपात हुन्छ भन्ने कुरालाई नियाल्नु आवश्यक छ । अतः प्रस्तुत लेख आनन्दवर्धनद्वारा स्थापित ध्वनि सिद्धान्तका आधारमा 'चिसो एष्ट्रे' कवितामा अन्तरनिहित ध्वन्यार्थ र ध्वनि सौन्दर्यको अध्ययनमा केन्द्रित रहेको छ ।

प्रस्तुत अध्ययन गद्य कवि भूपी शेरचनको 'चिसो एष्ट्रे' कविताभित्रको ध्वनि सौन्दर्य तथा ध्वन्यार्थको पहिचान र विश्लेषणमा केन्द्रित छ । अध्ययनमा कवितामा प्रयुक्त शब्द र भावलाई अर्थगत तहबाट केलाइएको छ । यस कवितामा रहेको ध्वनि सौन्दर्यको पहिचानका लागि अध्ययनसँग सम्बन्धित पूर्वीय साहित्य सिद्धान्तअन्तर्गत ध्वनिवादी चिन्तनलाई मूल आधार बनाइएको छ । यो अध्ययन 'चिसो एष्ट्रे' कवितामा के कस्तो ध्वनि सौन्दर्य रहेको छ भन्ने समस्याको प्राज्ञिक समाधानमा आधारित छ । उक्त समस्या समाधानार्थ ध्वनि सम्बन्धी शोधमूलक सामग्रीलाई उपयोग गरी 'चिसो एष्ट्रे' कवितामा निहित ध्वनि सौन्दर्य तथा ध्वन्यार्थको पहिचान गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गर्नका लागि आवश्यक सामग्रीलाई निम्नलिखित विधिको प्रयोग गरी सङ्कलन र विश्लेषण गरिएको छ :

यस अध्ययनका लागि पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी प्राथमिक र द्वितीयक स्रोतका रूपमा सामग्रीहरूको सङ्कलन गरिएको छ । भूपी शेरचनद्वारा रचित 'चिसो एष्ट्रे' कवितालाई प्राथमिक स्रोतसामग्रीका रूपमा र ध्वनि सौन्दर्य तथा सोसँग सम्बन्धित अध्ययन, विश्लेषण तथा सम्बन्धित अनुसन्धानमूलक आलेखलाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ ।

यो अध्ययन पूर्वीय काव्य विश्लेषण पद्धतिको ध्वनि सिद्धान्तसँग सम्बन्धित छ । यसमा पुस्तकालयीय सामग्रीलाई उपयोग गरी गुणात्मक विश्लेषण विधिको प्रयोग गरिएको छ । अध्ययनमा कविताभित्रको शीर्षकीय ध्वन्यार्थ, पदका स्तरमा आएको ध्वन्यार्थ, पङ्क्तिगत ध्वन्यार्थ र कवितामा प्रयुक्त आश्रित ध्वनिको पहिचान गरी वर्णनात्मक तथा विश्लेषणात्मक विधिको उपयोग गरिएको छ ।

## सैद्धान्तिक आधार

प्रस्तुत अध्ययन पूर्वीय साहित्य चिन्तनअन्तर्गत ध्वनि सौन्दर्यात्मक विश्लेषणमा आधारित छ । संस्कृतको 'ध्वन्' धातुमा 'ई' प्रत्यय लागेर 'ध्वनि' शब्दको निर्माण भएको हो । 'ध्वन्' धातुको अर्थ शब्द वा आवाज भन्ने हुन्छ भने 'ध्वनि' शब्दले पनि सुनिने आवाजलाई जनाउँदछ । साहित्यमा प्रयोग हुने ध्वनि शब्दको अर्थ भने आवाजमा मात्र सीमित हुँदैन । यसले अभिधात्मक र लाक्षणिक भन्दा बढी व्यङ्ग्यार्थ प्रतीत भावलाई वा प्रतीयमान वा अभिव्यङ्ग्य वा अनुभुयमान अर्थलाई जनाउँछ । "वाच्यार्थभन्दा बढी रमणीय या चमत्कारक व्यङ्ग्यार्थलाई ध्वनि भनिन्छ । जब व्यङ्ग्यार्थ वाच्यार्थको अपेक्षा बढी चारुतापादक या उत्कर्षक हुन्छ तब ध्वनि हुन्छ" (पौड्याल, २०६८, पृ.९८) । यसर्थ साहित्यमा अभिधा अर्थमा प्रकट हुने वाच्यार्थ र लक्ष्यार्थभन्दा भिन्न प्रतीयमान र व्यङ्ग्यार्थलाई ध्वनि भनिन्छ ।

साहित्यमा अभिव्यङ्ग्यका रूपमा प्रकट हुने ध्वनि सम्बन्धी अध्ययन, चिन्तनको इतिहास पूर्वीय साहित्य अध्ययन परम्परामा निकै लामो रहेको पाइन्छ । ध्वनिलाई सिद्धान्तको रूपमा स्थापना गरेर व्यवस्थित स्वरूपको प्रतिपादन गर्ने कार्य भने नवौँ शताब्दीका चिन्तक आनन्दवर्धनले गरेका हुन् । उनले आफ्नो ग्रन्थ ध्वन्यालोकमा यसको सैद्धान्तिक स्वरूपको बारेमा चर्चा गरेका छन् । यसलाई साहित्य चिन्तनको एक शास्त्रको रूपमा स्थापित गराउने कार्य गरेका हुन् । ध्वनि सिद्धान्तको प्रतिपादनका क्रममा आनन्दवर्धनले व्याकरणशास्त्रको 'स्फोट' अर्थात् अर्थ स्फुरणको सिद्धान्तबाट विशेष प्रभाव ग्रहण गरेको पाइन्छ । यही अवधारणा तथा मान्यताबाट प्रभावित भएर आनन्दवर्धनले साहित्यमा नव-नव अर्थ उत्पादनको कल्पना गरी ध्वनि सिद्धान्तको प्रतिपादन गरेका हुन् (नेपाल, २०७३, पृ.५३) । यसपछि ध्वनि सम्बन्धी सैद्धान्तिक चिन्तनको क्रम पूर्वीय काव्य जगत्मा सत्रौँ शताब्दीसम्म कायम रह्यो । अभाववादी, अन्तर्भाववादी, भक्तिवादी वा लक्षणावादी तथा अनिवर्चनीयतावादी मतको खण्डन गर्ने क्रममा अभिनव गुप्तले खण्डन गर्न पाउनुले ध्वनिको प्रतिष्ठा बढेर गयो । ध्वनिकै चर्चा गर्दा व्यङ्ग्यार्थको अभिव्यक्तिका लागि शब्द र अर्थ दुवैले एकअर्कालाई सहयोग दिन्छन् अर्थात् शब्द र अर्थ (वाचक र व्यङ्ग्य) दुवै बाट ध्वनन\ व्यापार हुन्छ । यो परस्पर विरुद्ध रूपमा नभई सहकारी रूपमा हुन्छ (उपाध्याय, २०६७, पृ.२२५-२३०) । विद्वान्हरूले ध्वनिको बारेमा आ-आफ्ना विश्लेषण गरेका भए पनि मूलतः साहित्यमा ध्वनिलाई पाँच अर्थमा प्रयोग गरिएको पाइन्छ :

व्यञ्जक शब्द : अभिधा, लक्षणा र व्यञ्जनागम्य अर्थबोध गराउने शब्द
व्यञ्जक अर्थ : अभिधा, लक्षणा र व्यञ्जनागम्य अर्थबोध गराउने अर्थ
व्यङ्ग्य अर्थ : व्यञ्जना गराउने वस्तु, रस र अलङ्कार आदि ।
व्यञ्जना शक्ति : अर्थ प्रदायक अभिधा, लक्षणा र व्यञ्जना शक्ति
काव्य : वस्तु, रस र अलङ्कार व्यञ्जित काव्य

*स्रोत : गड्तौला, २०७१*

उल्लिखित सन्दर्भमध्ये व्यञ्जक शब्दले अभिधा, लक्षणा र व्यञ्जनाको वास्तविकतालाई बोध गराउँछ । यो शब्दमा आधारित हुन्छ । व्यञ्जक अर्थले अर्थगत तहबाट शब्दशक्तिलाई बोध गराएको हुन्छ । काव्यमा व्यङ्ग्य अर्थले वस्तु, रस र अलङ्कार आदिका माध्यमबाट व्यञ्जना अनुभूत गराउँछ । यसर्थ एउटा गुणात्मक काव्यभित्र वस्तु ध्वनि, रस ध्वनि र अलङ्कार ध्वनि व्यञ्जित भएको हुन्छ । यी पाँच अर्थका आधारमा साहित्यलाई अर्थ्याइएको पाइन्छ ।

आनन्दवर्धनका कथनहरूलाई आधार मानी ध्वनिलाई परिभाषित गर्ने हो भने सामान्य र विशिष्ट गरेर दुई सूत्रमा राख्न सकिन्छ । सामान्य सूत्रका आधारमा हेर्दा सहृदय, प्रशंसित हुने र सहृदयजनलाई आल्हाद प्रदान गर्ने काव्यात्मा हो भनी मानिएको वाच्यार्थ र प्रतीयमान अर्थ ध्वनि हो । यसै गरी विशिष्ट सूत्रका आधारमा शब्दले जुन व्यङ्ग्यार्थ सिद्धिका लागि आफ्नो अर्थको समर्पण गरिदिन्छ त्यस्तो व्यङ्ग्यार्थमय विशिष्ट कोटिको काव्य ध्वनि हो । पहिलो सामान्य सूत्रानुसार वाच्यार्थ र प्रतीयमानार्थ दुवै अर्थले ध्वनिको संज्ञा पाउँछन् र सूत्रात्मक उक्ति वा अधम् काव्योक्तिलाई छाडी ध्वनि र गुणीभूत


व्यङ्ग्यपरक सम्पूर्ण काव्योक्तिहरूमा ध्वनिको सत्तासिद्धि गरी ध्वनिलाई सर्वाधिक व्यापक काव्यतत्व प्रतिपादन गर्ने कार्यले ध्वनिवादको लक्ष्य पूरा हुन्छ । यसै गरी दोस्रो विशिष्ट सूत्रानुसार प्रतीयमान अर्थप्रधान विशिष्ट काव्यलाई अथवा प्रतीयमान अर्थपरक काव्य विशेषलाई ध्वनिको संज्ञा प्राप्त हुन्छ र प्रतीयमान अर्थपरक ध्वनिलाई सर्वोत्तम ध्वनि अनि त्यस्तो अर्थ भएको काव्योक्तिलाई नै सर्वोत्तम काव्य मान्ने आनन्दवर्धनको अभिप्रायको रक्षा हुन्छ र व्यङ्ग्यार्थपूर्ण विशिष्ट काव्यलाई उनले ध्वनिको संज्ञा दिएका छन् (उपाध्याय, २०५५, पृ. १९२) । आनन्दवर्धनले शब्द र अर्थले आफ्ना वाच्यार्थलाई गौण बनाएर प्रधान रूपमा व्यङ्ग्य अर्थबोध गरायो भने त्यो ध्वनि काव्य हुन्छ (भण्डारी र पौडेल, २०६३, पृ. ३७) भनेका छन् । साहित्यिक कृतिको वा साहित्यकारको अभिव्यक्तिबाट व्यक्त हुने वाच्यार्थ तथा लक्ष्यार्थपछि झङ्कित प्रतीयमान अर्थप्रदान गर्न सक्ने शक्ति ध्वनिमा हुन्छ ।

संस्कृत काव्यशास्त्रीय चिन्तन परम्परामा रस, अलङ्कार, रीति, गुणजस्ता सिद्धान्तहरूको स्थापना भइसकेपछि ईशाको नवौँ शताब्दीमा ध्वनिवादी सिद्धान्तको स्थापना भएको हो । ध्वनि सिद्धान्तभन्दा पूर्वका सिद्धान्तहरूमा ध्वनि शब्दको स्पष्ट प्रयोग नभए तापनि प्राचीन आचार्यहरू ध्वनिलाई काव्यात्मा मानेर प्रतीयमान अर्थ वा व्याङ्ग्यार्थ भनेर उल्लेख गरेको पाइन्छ (उपाध्याय, २०५५, पृ. १६७) । ध्वनिलाई भरतले रसादिका तात्पर्यमा र अलङ्कारवादीहरूले समासोक्ति अप्रस्तुत प्रशंसा आदि अलङ्कारमा ध्वनि सिद्धान्तले औँल्याएका गुणीभूत व्यङ्ग्य र पर्यायोक्ति अलङ्कारमा अन्य व्यङ्ग्यको सौन्दर्य गर्न चाहेको कुरा आनन्दवर्धन र जगन्ननाथजस्ता विद्वान्हरूले औँल्याएका छन् । यीबाहे क आनन्दवर्धनपूर्व ध्वनिलाई काव्यको आधारभूत तत्वका रूपमा लिएर विस्तारपूर्वक चर्चा गर्ने अन्य आचार्यहरू पनि रहेको जानकारी पाइन्छ । यसरी ध्वनिवादी सिद्धान्तको प्रतिस्थापना हुनुपूर्व पनि ध्वनिका सम्बन्धमा विद्वान्हरूले चर्चा परिचर्चा गरेका छन् । तापनि, ध्वनिलाई सैद्धान्तिक रूप प्रदान गरेर छुट्टै सिद्धान्तका रूपमा स्थापित गर्ने प्रथम आचार्य आनन्दवर्धन हुन् ।

ध्वनि शब्दको प्रयोग परम्परादेखि हुँदै आएको भए तापनि यसलाई काव्यतत्वको रूपमा स्थापित गराउने काम आनन्दवर्धनबाट भएको पाइन्छ । उनले ध्वन्यालोक नामक ग्रन्थबाट यसको स्थापना गरेका छन् । यस सिद्धान्तलाई पूर्णता दिने काम आचार्य मम्मटले गरे । ध्वनिवादी सिद्धान्तलाई काव्य सम्प्रदायका रूपमा विकसित गर्ने यी दुई आचार्यलाई क्रमशः ध्वनिकार र ध्वनिप्रस्थापन परमाचार्य भनिन्छ । ध्वनि काव्यको प्राणभूत तत्व हो र अलङ्कार बाह्य आभूषणजस्तै त्यसको उत्कर्षक या अस्थिर धर्म हो । गुणको सम्बन्ध ध्वनिका साथ शौर्यादि आन्तरिक गुणका समान छ (पौड्याल, २०६८, पृ. १२८) । यस सिद्धान्तका आधारमा साहित्यको विभिन्न विधाहरूको अध्ययन गरी तिनको आत्मगत वा अन्तः सौन्दर्यको उद्घाटन गरिने भएकोले यसलाई आत्मान्वयवादी सिद्धान्त मानिएको छ ।

ध्वनि शब्दलाई काव्यिक महत्व दिएर काव्यशास्त्रमा विशिष्टता प्रदान गर्ने कार्यसहित आनन्दवर्धनले यसको स्वरूप पनि प्रस्तुत गरेका छन् । उनले ध्वनिको परिभाषा गर्दै भनेका छन्- जहाँ वाच्य, अर्थ र वाचक शब्दले आफूलाई गौण तुल्याएर प्रतीयमान अर्थ प्रकट गराउँदछन् । यसलाई विद्वान्हरू

ध्वनि भन्दछन् (पौडेल, २०५७, पृ.१४९) । साहित्यमा ध्वनि शब्दले सीधा र सरल कुरालाई नबुझाएर प्रतीयमान वा व्यङ्ग्यार्थलाई बुझाउँछ । यस्तो प्रतीयमान अर्थ वाच्यार्थभन्दा निकै आकर्षक र चमत्कार पूर्ण हुन्छ । लक्षणाद्वारा पनि व्यङ्ग्यार्थ (ध्वनि) बोध हुन सक्दैन । व्यञ्जनाको कार्य लक्षणाबाट सम्पन्न हुन सक्दैन । लक्षणामा मुख्यार्थको बाधा परमावश्यक छ तर व्यञ्जनामा मुख्यार्थमा बाधा आवश्यक छैन । बरु निषेधात्मक वाक्यबाट विधिअर्थ ध्वनित हुन्छ (उपाध्याय, २०६७, पृ.२२८) । लक्षणामूल ध्वनिमा पनि लक्षणाबाट व्यङ्ग्यको बोध हुन सक्दैन । अभिधामूलमा त लक्षणाको प्रवेशै छैन । रसभाव आदि व्यङ्ग्य हुने स्थलमा विभावादि साधन मात्र वाच्य र त्यसमा बाधा पनि नहुनाले रसहरूको बोधलाई अभिधा लक्षणा दुवै असमर्थ छन् (शर्म्मा, २०५८, पृ.१८३)। तसर्थ, वाचक शब्द र वाच्यार्थले अभिव्यञ्जित गर्नु नै ध्वनि हो । जुन काव्यमा सर्वोत्तम वा आत्मतत्वका रूपमा रहेको हुन्छ । अतः भण्डारी र पौडेल (२०६३, पृ.३७) द्वारा गोविन्दप्रसाद भट्टराईको विचारलाई 'सहृदयलाई आल्हाद उत्पन्न गराउन सक्ने शब्द र अर्थ दुवैको जीवनदायक काव्यको आत्मा ध्वनि हो' भनी उल्लेख गरिएको छ । अतः यस अध्ययनलाई तलको ढाँचागत आधारमा विश्लेषण गरिएको छ :




काव्यमा ध्वनि व्यञ्जनार्थका माध्यमबाट व्यक्त भएको हुन्छ । वाच्यार्थ र लक्ष्यार्थबाट अर्थ स्पष्ट नभएमा त्यस्तो अवस्था व्यञ्जनार्थबाट कुनै पनि सङ्कथनको अर्थ बुझ्न सकिन्छ । शब्दबाट सीधै कोशीय अर्थभन्दा पृथक् प्रतीतिमूलक विशेष अर्थ नै ध्वनि हो । यस अध्ययनमा यस सन्दर्भभित्र रहेर सबाल्टर्न सिद्धान्तलाई जोडिएको छ । कविताको भावलाई मिहिन रूपमा केलाउँदा ध्वन्यार्थ र व्यङ्ग्यार्थमा भोका, नाङ्गा, भुइँमान्छेको जीवनलाई चिसो एस्ट्रेसँग बिम्बात्मक रूपमा केलाइएको छ । सबाल्टर्न बहुआयामिक पात्र हुन् । उनीहरू जहाँतहीँ देखिए पनि केन्द्रमा हुँदैनन् । सम्भ्रान्तको मानकभित्र सबाल्टर्नहरू बोल्न सक्दैनन् (श्रेष्ठ, २०६८, पृ. ५४) । यसर्थ वर्गीय, जातीय र लैङ्गिक चेतनाको तहमा सबाल्टर्नको तात्पर्यलाई केलाउनु सान्दर्भिक हुन्छ । यहाँ वाच्यार्थभन्दा व्यङ्ग्यार्थ भावले काम गरेको हुनाले यस अध्ययनमा ध्वनि सौन्दर्यभित्र सबाल्टर्नको तहलाई पनि एकसाथ विश्लेषण गरिएको छ । भाषिक-साहित्यिक संरचनाको सबै तहमा ध्वनि आश्रित रहेमा तथा रस, अलङ्कार र वस्तु तीनओटै स्वरूपमा ध्वनि प्रवाहित भएको पाइएमा त्यस्तो कृति स्वतः उत्तम कृति बन्न पुग्ने हुनाले

कृतिको स्तर निर्धारणका क्रममा ध्वनितत्वको अधिकता र न्यूनताको विवेचना-विश्लेषण वा खोज-अनुसन्धान अपेक्षित छ (नेपाल, २०७३ पृ. ५९) । यही स्थापित सिद्धान्तलाई मिश्रित सिद्धान्तका आधारमा यहाँ भूपी शेरचनद्वारा रचित 'चिसो एष्ट्रे' कविताको विश्लेषण गरिएको छ ।

## 'चिसो एष्ट्रे' कविताको विश्लेषण

कवि भूपी शेरचनद्वारा रचित चिसो एष्ट्रे कवितालाई ध्वनिको स्तरबाट विश्लेषण गर्दा शीर्षकबाट आउने ध्वन्यार्थ पदको भावलाई नियाल्न सकिन्छ । कवितामा प्रयुक्त भावसँग अन्तरनिहित भएको ध्वनि सौन्दर्यलाई केलाउँदा यस कवितामा उत्तरआधुनिक प्रभावलाई पनि भेट्न सकिन्छ । आजको यान्त्रिक परिवेशले नेपाली जीवन र समाज आक्रान्त भएको तथा मान्छेको जीवन अत्यन्त यान्त्रिक, कृत्रिम र जटिल भएको कुरालाई समकालीन नेपाली कवितामा अभिव्यक्त गरेको देखिन्छ (गौतम, २०६६, पृ. ४७६) । यद्यपि घुम्ने मेचमाथि अन्धो मान्छे कविता सङ्ग्रह वि.सं. २०२६ सालमा प्रकाशित कृति भएकाले मितिका आधारले यो कृति समकालिक कविता कित्तामा समेटिँदैन । भूपी शेरचन स्वरका दृष्टिले मूल रूपमा स्वच्छन्दतावादी-प्रगतिवादी धाराकै कवि भए पनि उनका कवितामा प्रयोगवादी नवले खनका सूक्ष्म सङ्केतहरू पाइन्छन् (भट्टराई, २०७०, पृ.५४) । यान्त्रिक र स्वार्थी समाजमा जीवनको विसङ्गति, आर्थिक विसङ्गति र युगीन यान्त्रिक वेदनाका कोणबाट हेर्न हो भने चाहिँ समकालिक कविताकै कित्ताभित्र राख्न सकिने देखिन्छ । यसै पृष्ठाधारभित्र रहेर भूपी शेरचनद्वारा रचित प्रस्तुत कवितालाई पङ्क्तिगत स्तरमा आउने ध्वन्यार्थको आधारमा विश्लेषण गर्नु उपयुक्त हुन्छ ।

### शीर्षकीय ध्वन्यार्थ

चिसो एष्ट्रे दुई पदावलीगत शीर्षक भएको कवितात्मक संरचना हो । 'चिसो' शब्दको अभिधा अर्थ तातोको अंश पटक्कै नभएको, ठन्डा बनेको भन्ने बुझिन्छ । अर्को 'एष्ट्रे' शब्दको अभिधा अर्थ चुरोट खाएर बाँकी रहेको ठुटोलाई ठोस्ने भाँडो, खरानी हाल्ने भाँडो वा चुरोटको खरानी ठोस्ने भाँडो वा ठुटौरो भन्ने हुन्छ । व्यञ्जना अर्थमा काठमाडौँको जीवनलाई चिसो एष्ट्रेसँग इङ्गित गरिएको छ । वास्तवमा व्यञ्जना अर्थ दिने शब्दलाई व्यञ्जक भनिन्छ र अर्थलाई व्यङ्ग्य वा व्यञ्जनार्थ भनिन्छ । अभिधा र लक्षणा शक्ति शब्दमा मात्रै हुन्छ भने व्यञ्जना शक्ति शब्द र अर्थ दुवैमा हुन्छ (गौतम, २०७६ पृ.२१) । यसर्थ यस कवितामा व्यञ्जनात्मक सारलाई बोध गर्ने शीर्षकभित्र काठमाडौँ आउँदा बस्दा र काठमाडौँ छोड्दाको अवस्थालाई अभिव्यक्त गरिएको छ । यसले वाच्यार्थभन्दा फरक अर्थको तहमा भावको गहिराइलाई मोडेको देखिन्छ ।

काठमाडौँ आउँदा विभिन्न सपनाहरू बोकेर ऊर्जावान् बनेर आउँछन् । बस्दा आफ्ना रङ्गिन सपनाहरूलाई साकार रूप दिन नसकेर आफ्ना सपनाहरू खरानीसरि भस्ममा परिणत भएको अवस्थालाई चित्रण गरिएको छ । तेस्रो अवस्थामा काठमाडौँ छोड्दा आफ्ना सपनाहरू पूरा गर्न नसकेर दुःख पीडा, निस्सारताबोधलाई बाँकी रहेका ठुटा सपनाहरूको साथमा काठमाडौँ छोड्न बाध्य हुन्छन् भन्ने

कुरालाई कवितामा व्यङ्ग्यात्मक कोणबाट देखाइएको छ । विसङ्गतिबोधको ध्वन्यार्थका आधारमा ' निरर्थक जीवन' को करुण रस प्रधान भावार्थले 'चिसो एष्ट्रे' कविताको शीर्षकबाट व्यङ्ग्यार्थबोध भएको छ । यसले बोक्ने प्रतीयमान अर्थले भुइँमान्छेको जीवन सङ्घर्ष बोकेको हुँदा यसमा व्यङ्ग्यार्थबोध गराउने ध्वनि सौन्दर्यको प्रस्तुति छ । यहाँ वाच्यार्थ 'चिसो एष्ट्रे' शीर्षकीय पदावली चाहिँ गौण अर्थमा देखिएको छ । फलतः भुइँमान्छेको जीवनभित्रको ध्वन्यार्थ प्रस्तुत भएको छ ।

**पदका स्तरमा आएको ध्वन्यार्थ**

प्रस्तुत कवितामा प्रयोग भएका सबै पदहरू विशिष्ट प्रयोजनका साथ प्रयोग गरिएका छन् । कविताका पदहरूलाई तीनओटा घटनाका सन्दर्भमा प्रयोग गरिएको छ । शब्दको संयोजनबाट नै कविताले सौन्दर्य-विधान गर्दछ । कवितामा प्रयुक्त प्रतीक, बिम्ब, अलङ्कार सबै शाब्दिक हुन्छन् र यी शब्दहरू भाषाको विशिष्ट प्रयोगसँग सम्बन्धित हुन्छन् (भट्टराई, २०७०, पृ.३९) । यस कवितामा प्रयोग भएको 'यहाँ जो आउँछन्, यहाँ जो बस्छन् र यहाँबाट जो जान्छन्' कवितांशले ती सन्दर्भहरूलाई अर्थ्याएको छ । सर्वप्रथम काठमाडौँ प्रवेश गर्दा एउटा विपन्न मान्छेले मनभरि सँगालिएका आशा, विश्वास, सपनाहरूलाई समेटेर सुखद भविष्यको परिकल्पना गर्छ । त्यसपछि काठमाडौँ आएर त्यस खाल्टामा सङ्घर्ष गर्दागर्दै पनि ऊ असफलताको पासोमा फसिरहन्छ । यसरी काठमाडौँ सहरमा निम्न वर्गले चाहेर पनि प्रगति गर्न नसक्दाको पीडालाई कवि शेरचनले कलात्मक सौन्दर्यभावका साथमा उद्बोधन गरेका छन् । यस कवितामा गाउँबाट काठमाडौँ हिँडेको, सङ्घर्ष गरेको, त्यो कर्म निरर्थक बनेको र फेरि घरै फर्कनुपरेको वस्तुस्थितिको चित्रण छ । एउटा चिसो एष्ट्रेसँग बिम्बात्मक भावमा जोडेर यहाँ जीवनका आरोहअवरोहको सूक्ष्म वर्णन भेटिन्छ । कवितामा चार भन्ज्याङ भन्नुको अर्थ बालापन (आशा), युवापन (जोश र सपना), वयस्कपन (सङ्घर्ष) र वृद्धावस्था (निस्सारता) भन्ने भाव पनि लुकेको बोध गर्न सकिन्छ । यसर्थ यसभित्रको बिम्बात्मक र आलङ्कारिक प्रस्तुतिलाई सबल मान्नुपर्छ ।

ग्रामीण परिवेशबाट जीवन परिवर्तनका लागि रङ्गिन सपनाहरू बोकेर सहर पसेको गरिबका आकाङ्क्षाहरू खरानीसरी उडेर जाने यथार्थ जीवनचित्र कवितामा प्रकट भएको छ । एक गरिब गाउँले प्रतिनिधि पात्र कवितामा ध्वनित भएकोछ । उसमा आँखाभरि निस्सारता मडारिरहेको अवस्थालाई कविले दर्साएका छन् । विपन्नले बोकेका सपना, इच्छा, आकाङ्क्षाहरू सबै धूमिल हुँदै जाने र जति सङ्घर्ष गरे पनि हात लागी शून्य हुने पीडादायी जीवनको बिम्बात्मक भावलाई कविले अभिव्यक्त गरेका छन् ।

काठमाडौँ उपत्यकाको चारभञ्ज्याङबाट लखतरान भएपछि विपन्न मान्छेहरू ठुटे सपनाहरूलाई अधुरै बोकेर घरतिर फर्कन्छन् । तिनका निस्सारता, अधुरा सपना, अधुरा विश्वासहरू सबै लिएर काठमाडौँबाट बिदा हुन्छन् । 'काठमाडौँ हामी जस्ताका लागि रहेनछ, हामी जस्ता मानिसहरूका लागि काम नलाग्ने रहेछ' भन्ने भाव यस कवितामा उल्लेख भएको छ । यसर्थ यसले पश्चिमी दर्शनको विसङ्गतिबोधलाई दर्साएको देखिन्छ । पश्चिमाले अर्थ्याएको रागतत्व (भावतत्व),कल्पनातत्व, बुद्धितत्व र शैलीतत्वको सार

भित्र ध्वनिसम्प्रदाय कल्पनातत्वको नजिकमा पुग्दछ। ध्वनिमा असामान्य भनाइको प्रभुत्व रहन्छ। ....पाश्चात्य साहित्य विशेषबाट सामान्यतिर लम्कन्छ भने पूर्वीय साहित्य विशेषबाट सामान्यतिर ढल्कन्छ (रिसाल, २०६९, पृ. १३)। कवितामा विपन्न वर्गको सपना सेलाएको एष्ट्रे जस्तै ऊर्जाहीन छ। यद्यपि पूर्वीय कविताको भाव अनुसार यो कविता चिसो एष्ट्रे हुँदै काठमाडौँ जस्ता सहरको परिवेशभित्र सामान्यीकरण हुन पुगेको देखिन्छ। विपन्न वर्गको जीवन र सपना अधुरै, ठुटै रहने भाव यसभित्र छरपस्ट छ। अतः यसले करुण रस र व्यङ्गार्थ चित्रमा काठमाडौँमा आएर दुःखी बनेको पात्रलाई शालीन व्यङ्ग्य गरेको छ। चिसो एष्ट्रेलाई विपन्न जीवनको उपमा दिइनुले उपमा अलङ्कारको सुगठन झल्किएको छ।कवितामा विपन्न वर्गको शक्ति, विश्वास, भरोसा, सपना सबै कुरालाई चिसो एष्ट्रेजस्तो चिस्याइदिएको प्रसङ्ग अनुरूप व्यञ्जनात्मक ध्वनि प्रतीत भएको छ।

**कवितामाप्रयुक्त पङ्क्तिगत ध्वन्यार्थ**

कवि शेरचनका अध्ययनीय कवितामा काठमाडौँ आउने, काठमाडौँमा सङ्घर्ष गर्ने र अन्त्यमा काठमाडौँ छोड्नुपर्ने बाध्यात्मक परिस्थितिको अर्थगत ध्वन्यार्थ भाव प्रस्तुत भएको छ। कविताले एउटा निम्न मध्यम वर्गको अपेक्षा र सपनालाई यथार्थ रूपमा पस्केको छ। यसमा प्रयुक्त छोटा पङ्क्तिले एउटा पूर्ण जीवनको भोगाइलाई सङ्कथनका रूपमा समेटेको छ। त्यसैले पूर्ण जीवनलाई भावगत रूपमा समेट्नु कविताको गुणात्मक पक्ष हो। यसर्थ उक्त कवितांशलाई निम्नानुसार विश्लेषण गर्नु सान्दर्भिक हुन्छ :

- **काठमाडौँ आउने अर्थमा**

  यहाँ जो आउँछन्  
  मुटुभरि आगो, ओठभरि ज्वाला बोकेर आउँछन्। (पृ. ६६)

माथिको कवितांश कवितामा आएको पहिलो भावगत उक्ति हो। यस कवितांशले काठमाडौँ सहरलाई 'यहाँ' भन्ने शब्दले ध्वनित गरेको छ। यसमा 'जो' भनेर काठमाडौँमा आउने निम्नमध्यम वर्गका मानिसहरूलाई इङ्गित गरिएको छ। यसबाट सपना पूरा गर्ने उद्देश्यका साथ सङ्घर्षका निम्ति सहरतिर होमिने युवा वर्ग लक्षित भएको भाव ध्वनित हुन्छ। विशेष गरेर आफ्नो सुन्दर भविष्य निर्माणका लागि रङ्गिन सपनाको आशा र भरोसामा काठमाडौँ पुग्ने व्यक्तिहरूलाई यस कवितांशमा प्रयुक्त 'जो' शब्दले बोध गराएको छ। उनीहरू आफ्नो भविष्य निर्माणको बाटोमा अघि बढ्ने अठोटका साथ आफ्ना सङ्कटहरूलाई घटाउने कोसिस गर्दै झिना मसिना कुराहरूमा नअल्झिएको ध्वन्यार्थ प्रकट भएको छ। यसबाट कवितामा करुण रसपरिपाक भएको छ। ध्वनिवादी दृष्टिमा रस सधैँ व्यञ्जनागम्य नै हुन्छ। त्यसैले ध्वनिको सार भनेको नै रस हो। रस ध्वनि उत्कृष्ट व्यङ्ग्य हो र रस ध्वनियुक्त काव्य सर्वोत्कृष्ट काव्य हो भन्ने ध्वनिवादीको निष्कर्ष देखिन्छ (गड्तौला, २०७१, पृ.७१)। यस मानेमा प्रस्तुत कवितामा दुःखात्मक भाव अभिव्यञ्जित भएको देखिन्छ। ध्वनिरूप प्रधान होस् वा गुणीभूतरूप अप्रधान होस् व्यङ्ग्य हुने वस्तु अलङ्कार रसहरूको बोधको निमित्त अभिधा लक्षणाको विषय नहुनाले व्यञ्जनाको

आवश्यकता छ (शर्म्मा, २०५८, पृ.१८०) । यसरी हेर्दा ध्वनिवादी सिद्धान्तका आधारमा यस कवितामा "मुटुभरि आगो, ओठभरि ज्वाला बोकेर आउँछन्" भन्नुले मुटुमा अर्थात् मस्तिष्कमा योजना बुनेर, सपना बोकेर आउने, ओठभरि ज्वाला भन्नाले अपेक्षा वा चाहनाको कबुल गर्ने भन्ने व्यञ्जनार्थ बोध भएको छ ।

यसरी माथिको कवितांशभित्र प्रयुक्त भावलाई शाब्दिक तथा अर्थगत आधारबाट केलाएर यसभित्रको ध्वनि सौन्दर्यलाई पहिचान गर्नु उपयुक्त हुन्छ । सपना साकार पार्नका निम्ति सहर पस्ने ती सामान्य ग्रामीण परिवेशका निम्नमध्यम वर्गको भावमा यो कविता ध्वनित भएको छ । 'मुटुभरि आगो' भन्ने पदावलीमा सपना बुनेर पीडित भएका तिनै वर्गको पीडालाई लक्षित गरिएको छ । त्यस्तै गरेर 'ओठभरि ज्वाला' पदावलीले सपना पूरा गर्ने अभिलाषालाई कुनै पनि सङ्घर्षबाट पूरा गर्न बाचा गरेको बोध हुन्छ । यसबाट अपेक्षालाई शिरोधार्य गरेको व्यञ्जना भाव ध्वनित भएको छ । तुलसीप्रसाद गौतम (२०७६, पृ.१९) ले आनन्दवर्धनको भनाइलाई उल्लेख गर्दै 'जहाँ वाच्यार्थ आफू स्वयम्लाई अथवा शब्द आफ्नो अभिधेय अर्थलाई गुणिभूत गरेर व्यङ्ग्य अर्थ अभिव्यक्त गर्दछ भने त्यस्तो काव्यलाई विद्वान्हरू ध्वनि भन्दछन्' भनी उल्लेख गरेका छन् । यसरी हेर्दा यस कवितामा पनि ग्रामीण भेगका निम्न मध्यम वर्गका मानिसहरूले आफ्ना इच्छा-आकाङ्क्षा, चाहना, सपना अनि भविष्यका स्वर्णिम कल्पनाहरू पूरा गर्न मुटुभरि रहरहरू सँगालेर, ओठभरि अभिलाषा पूरा गर्ने अठोट लिएर काठमाडौँ पस्ने अर्थमा भुइँमान्छेको सङ्घर्षको आवाज प्रतिध्वनित भएको छ ।

- **काठमाडौँमा सङ्घर्ष गर्ने अर्थमा**

  यहाँ जो बस्छन्  
  हत्केलाभरि खरानी र आँखाभरि धुवाँ बोकेर बस्छन् । (पृ. ६६)

माथिको कवितांश कवितामा आएको दोस्रो भावगत उक्ति हो । यस कवितांशमा अभिधा अर्थभन्दा पनि व्यञ्जना अर्थ बढी रहेको छ । ग्रामीण भेगबाट निम्नमध्यम वर्गका मानिसहरू विभिन्न किसिमका सपना इच्छाहरू सँगाल्दै सुन्दर भविष्यको आशामा सहर पसेका छन् । सहर पसेर पनि जस्तो सोचेका हुन्छन् त्यस्तो नभएर समस्याको भूमरीमा फस्नु परिरहेको सन्दर्भ माथिको कवितांशमा ध्वनित भएको छ । यहाँ सम्पन्न मानिसहरू जहाँ बसे पनि सम्पन्न हुने तथा उनीहरूले विपन्नले जसरी हन्डर व्यहोर्नुपर्ने बाध्यता नहुने अवस्थालाई देखाउन खोजिएको छ । सहरले गाउँलाई दबाइरहेको हुन्छ भन्ने अर्थमा कवितांशको 'यहाँ जो बस्छन्' भन्ने पदावलीबाट इङ्गित भएको छ । यहाँ बस्नेहरू भनेर गाउँबाट केही गरौँ भन्दै सहर पसेकाहरूलाई भनिएको छ । कवितांशमा ती सङ्घर्षशील, कर्मशील, श्रमप्रेमीहरू निरीह भएर, कमजोर भएर बस्छन् भन्न खोजिएको छ । यसमा निस्सासिँदो र विकृत सहरिया यान्त्रिक परिवेशलाई प्रतिबिम्बित गरेको छ । निम्नमध्यम परिवारका मानिसहरूले केवल अभावकै कारणले आफ्ना स-साना रहरहरू पूरा गर्नका लागि पनि विभिन्न किसिमका दुःख, सङ्कट, हन्डर, समस्या, चोट आदिको सामना गर्नुपर्ने हुन्छ । यसर्थ समाजमा व्यक्त वर्गीय चेतनालाई माथिको कवितांशमा देखाउन खोजिएको

छ । हाम्रो नेपाली समाजमा सामान्य मानिसले जीवनभरि सपना बोकेर सङ्घर्ष गरेरै जीवन बिताउनुपर्ने विसङ्गत पक्ष अर्थात् करुण रस प्राधान्य भावलाई व्यञ्जनात्मक रूपमा प्रतिध्वनित गरिएको छ । ठूलो सहरमा बसे पनि निरीह व्यक्तिले निरीह नै भइरहनुपर्ने जीवनदृष्टिलाई माथिको कवितांशमा प्रस्तुत भएको छ ।

विपन्न मानिस ठूला सहरमा बसे पनि समस्याबाट मुक्त हुँदैनन् । माथिको कवितांशमा भाव र ध्वनि सौन्दर्यगत सामीप्यताभित्र भोगाइको एउटा पूर्ण अनुभूति छ । यहाँ व्यङ्ग्यार्थ साथमा भावार्थको बोध छ । तथापि, रसध्वनिको बढी सघन भाव छ । आनन्दवर्धनले रस र अलङ्कारको काव्यिक वा साहित्यिक मूल्यलाई एकाकार गरी ध्वनि सिद्धान्तको प्रतिपादन गरेर साहित्य सिर्जन र आस्वादन प्रक्रियालाई बौद्धिकतासँग जोड्ने विशेष प्रयास गरेको देखिन्छ (नेपाल, २०७३, पृ. ५३) । यसरी यस कविताको भाव आचार्य आनन्दवर्धनको तर्कसँग सामीप्य रहेको छ । जुन काव्यमा व्यङ्ग्यार्थ वाच्यार्थभन्दा प्रमुख रहन्छ र जुन काव्यले साधारण भनाइबाट उठेर एउटा चमत्कृत 'अर्थ-गौरव' अथवा उपल्लो तहको व्यङ्ग्यार्थ प्रदान गर्ने सामर्थ्य राख्दछ त्यही ध्वनिकाव्य उत्तम काव्य हो (रिसाल, २०६९, पृ. ५) । यहाँ प्रस्तुत ध्वनि सौन्दर्यले क्षेत्रगत रूपमा विकसित मानिएका स्थानमा पनि व्यावहारिक रूपमा हुने असमानताको आवाजलाई बुलन्द गरेको छ ।

यस कवितामा सबाल्टर्न वर्गको आवाज ध्वनित भएको छ । शक्तिको प्रयोगविना संसार त चल्दैन नै तर शक्तिको दुरुपयोग गरेर हैकम जमाइने प्रवृत्ति छ । यसर्थ साहित्यले त्यो दमित वर्गको आवाजलाई बुलन्द गर्नु आवश्यक छ (श्रेष्ठ, २०६८, पृ. ३२-५०) । यस कवितामा पनि सहरले गाउँका सपनालाई त्यसै गरी दबाएको भावमा मुखर भएको ध्वनि सौन्दर्यलाई केलाउन सकिन्छ । यसमा सम्पूर्ण मजदुर वर्ग, भरिया, ढोके, पाले भएर बस्नुपर्ने र ठूलो सपना देख्न नसक्ने विवश जीवनचित्र उजागर भएको छ । यस आधारमा यस कविताभित्र निरीह भएर बाँच्ने आम मानिसको सपना, चाहना र वेदनाले चिमोटिएको आवाज ध्वनित भएको छ । उत्तरआधुनिक प्रवृत्तिले बहुलता, नवीनता र प्रविधिसंस्कृतिको प्रभावलाई अभिव्यक्त गरेको पाइन्छ (गौतम, २०६६, पृ.४६१) । समग्रतः रसध्वनि, वस्तुध्वनि र अलङ्कार ध्वनि गरेर ध्वनिका तीन भेदभित्र रहेर गुणात्मक काव्यमा लक्षणामूलक र व्यञ्जनामूलक भाव प्रदर्शन भएको हुन्छ । लक्ष्यार्थ निम्ति मुख्यार्थमा बाधा आवश्यक छ तर व्यञ्जनामा बाधाको आवश्यकता छै न । व्यङ्ग्यार्थ अभिधामूलक पनि हुन्छ र लक्षणामूलकमा पनि त्यो तब प्रकट हुन्छ जब लक्षणाद्वारा वाक्यमा अन्वय या अर्थसङ्गति बसिसक्छ (उपाध्याय, २०६७, पृ. २३१) । यसर्थ साहित्यलाई कुनै कृतिका पानाहरूमा कोरिएका शब्दभित्र मात्र सीमित गरेर अध्ययन गर्न सकिन्न । इतिहास जस्तै साहित्य सिर्जनाका संरचनालाई पनि शक्तिशाली राजनीतिको प्रभुत्वले गाँजेको छ भन्ने तथ्यका आधारमा व्याख्या विश्लेषण हुनु आवश्यक छ (श्रेष्ठ, २०६८, पृ. ३५) । यसै धार र सारमा यस कविताभित्र विपन्न मानिसको सपना र श्रमबिचमा तालमेल नभएको कुरा प्रतिध्वनित भएको छ । यो ध्वन्यार्थले भुईंमान्छे अर्थात् सबाल्टर्नको स्वरलाई बोध गराएको छ ।

- **काठमाडौं छोड्नेको व्यथा**

र यहाँबाट जो जान्छन्
पोल्टालाभरि निभेका विश्वासहरू र ठुटा सपनाहरू सोहोरेर जान्छन्
यस्तो छ यो चार भञ्ज्याङ खाल्टो
एउटा चिसो एष्ट्रेजस्तो छ
यो चार भञ्ज्याङ खाल्टो । (पृ. ६६)

माथिको कवितांश कविताको तेस्रो भावार्थप्रद उक्ति हो । यसमा आएको 'यहाँबाट जो जान्छन्' भन्ने वाक्यांशमा प्रयुक्त'यहाँबाट' भन्ने शब्दले 'काठमाडौँबाट' भन्ने अर्थबोध हुन्छ । 'जो जान्छन्' भन्ने पदावलीबाट चाहिँ सङ्घर्षका लागि काठमाडौँ आएका व्यक्ति फेरि घरतिरै फर्किन्छन् भन्ने भावबोध हुन्छ । ग्रामीण भेगबाट सपना बोकी सहर पसेकाहरूले आफ्नो भविष्य बनाउन नसकेको विसङ्गत पक्ष उजागर भएकाले यस कवितांशमा निराशा र हैरानीको भावबोध भएको छ । जति नै प्रयास गर्दा पनि निराशा, हन्डर, विरक्ति, चोट, समस्या शिवाय सफलता हात पार्न नसकेको कुरा कवितांशमा प्रस्तुत छ । सहर भनेको हुने खानेका लागि मात्रै हो तर गरिब, निमुखा, ढोके, पाले वर्गका लागि त्यहाँ पनि निराशा नै प्राप्त हुने रहेछ भन्ने चित्रात्मक प्रदर्शनबाट यो कविता बिम्बात्मक देखिन्छ । यसर्थ कवितामा निरीह, विपन्न, ग्रामीण समाजमा हुर्केका सबाल्टर्न वर्गको एउटा सिङ्गो जीवन नै सङ्घर्षमै बित्ने सन्दर्भ प्रस्तुत भएको छ ।

नारायणप्रसाद गड्तौला (२०७१, पृ. ६५) ले आचार्य विश्वनाथको साहित्यदर्पणबाट उद्धृत गर्दै वाच्यभन्दा व्यङ्ग्य हुने ध्वनि काव्य उत्तम काव्य हो भनेर बताएका छन् । यस आधारबाट प्रस्तुत कवितामा प्रयुक्त भावलाई हेर्ने हो भने सहर ठूलो भए पनि त्यो सहर ठूला मानिसकै लागि मात्रै रहेको ध्वन्यार्थको बोध हुन्छ । निरीह व्यक्तिले त निरीह भएर हेपिएरै बस्नुपर्छ भन्ने जीवनवादी दृष्टिकोण यहाँ ध्वनित भएको छ । निम्नमध्यम वर्गका मानिसले आफ्नो जीवनलाई माथि उकास्नका लागि जीवनभरि विभिन्न किसिमका सङ्घर्ष गर्दै अगाडि बढ्दा पनि केही नलागेर व्यक्तिमा विसङ्गतिबोधमा सिर्जना भएको अवस्था कवितामा ध्वनित छ ।

सपना पूरा गर्न नसक्दा मानिसमा जीवनप्रति नै विश्वास हुन छोडेको छ । सपना अधुरा र अपूरा भइरहेका छन् । निरीह मानिसको जीवन सोचेजस्तो नभई निस्सारतातिर ढल्किएको छ । सुन्दर भविष्यका लागि बुनेका सपनाका महलहरू सबै ढलेका छन् । सपनाहरू चुरोटको ठुटा जस्तै निभेका छन् । चुरोट खाइसकेपछि खरानी एष्ट्रेमा झारे जसरी मान्छेका सपना, इच्छा, आकाङ्क्षाहरू पनि पूरा गर्न नसकेर काठमाडौँको खाल्डोमै छोड्नुपर्ने बाध्यता छ । यसरी आशा, भरोसा, विश्वासहरू निभेपछि बाँकी रहेका ठूला सपनाहरूलाई पनि ठुटै छोडेर हिँड्नुपर्ने बाध्यता कवितामा ध्वनित भएको छ । अभिधात्मक अर्थमा चुरोट खाने र एष्ट्रेमा खरानी झार्ने पद्धति चुरोटको लत बसेकाहरूका लागि हो । यो कार्य सम्पन्नहरूको जीवनशैलीसँग नै बढी निकट देखिन्छ किनकि विपन्न मानिसहरू चुरोटको नशामा फसे पनि महङ्गा होटलमा गई एष्ट्रेमा चुरोटको खरानी झार्ने हैसियतमा पुग्न सक्दैनन् ।

यसरी प्रस्तुत कविताको भावार्थ उल्लिखित काठमाडौँ आउने, कर्म गर्ने र निराश भएर फर्किनुपर्ने निरीह व्यक्तिको जीवन र जीवनशैलीको तात्पर्यमा ध्वनित छ ।

## कवितामा प्रयुक्त आश्रित ध्वनि

पूर्वीय काव्य सिद्धान्तका आधारमा प्रस्तुत कवितालाई ध्वन्यार्थ पद, पदावली, विषय सन्दर्भ तथा भावगत पक्षबाट केलाउन सकिन्छ । कवितालाई बिम्बात्मक शैलीबाट व्यञ्जनात्मक अभिप्राय प्रदान गर्न आएका कथ्य सन्दर्भलाई यसरी तालिकीकृत गर्न सकिन्छ :

तालिका १

*कवितालाई बिम्बात्मक शैली प्रदान गर्न आएका कथ्य सन्दर्भ*

| पदावली | वाच्यार्थ | ध्वन्यार्थ |
|---|---|---|
| मुटुभरि आगो | पीडाका कारण आगोले जसरी पीडित भएको मन, चिन्तित मन | समृद्धिको सपना बोकेरचिन्तित भएको सङ्घर्षशील निम्न-मध्यम वर्गको विपन्न मानिस, गाउँमा प्रगति नभएकाले सहरमा आई प्रगति गर्ने अठोटले चिन्तित मानिस |
| ओठभरि ज्वाला | आत्तिएर रातो भएको अनुहार | सपना पूरा गर्ने अठोट बोकेर आशङ्कित भएको सङ्घर्षशील मानिस |
| हत्केलाभरि खरानी | हातमा निरर्थक चीज हुनु | जति सङ्घर्ष गरे पनि उपलब्धि हात पार्न नसकेको अवस्था |
| आँखाभरि धुवाँ | आँखामा धुवाँले पोल्नु | सपना रुमल्लिएर पीडित भएपछि वेदनाले छट्पटिएको अवस्था, तड्पिँदो अवस्था |
| पोल्टाभरि निभेका विश्वासहरू | अपेक्षा पूरा नहुनु | आशा, सम्भावना र विश्वासहरू अधुरा, अपूरा र निर र्थक बनेका तथा शक्तिहीन भएको अवस्था |
| ठुटा सपनाहरू | पूरा नभएका अधुरा बनेका यो जनाहरू | सपना बन्दै ढल्दै गरेर सधैँ टुक्रिरहने लक्ष्य, चाहना तथा अर्थहीन भएका निरीहका योजनाहरू |
| चार भन्ज्याङ खाल्टो | काठमाडौँ उपत्यकाको चारैतर्फ रहेका साँगा, पाँचमाने, पाटी र खरी गरेर चारओटा भन्ज्याङहरूले घेरेको क्षेत्र | काठमाडौँ उपत्यकाभित्र उकुसमुकुस हुँदै सङ्घर्ष गरिर हनुपरेको कुण्ठित क्षेत्र जहाँ विपन्न मानिसले बुनेका सपना अधुरा रहिरहने, विपन्न मानिसले चार भन्ज्याङमा कुण्ठित, दमित र निरीह बन्नुपरेकाले कालकोठरीजस्तो भएको काठमाडौँ सहर |
| चिसो एष्ट्रे | चुरोटबिँडीको ठुटोवा खरानी राख्ने भाँडो, ठुटौरो, खरानीदानी | मूल्यहीन, निरर्थक, लाञ्छित जीवनको प्रतिबिम्बित सामग्री जसले निस्सारता, विसङ्गत र निरीह जीवनलाई इङ्गित गरेको । |

उल्लिखित आधारहरूलाई बिम्बात्मक रूपबाट हेर्न सकिन्छ । उक्तिवैचित्यमा कुनै अर्थ वा सन्दर्भलाई विलक्षण वा विचित्र ढङ्गले प्रस्तुत गरिन्छ । तुलना, अतिरञ्जना, अप्रस्तुत विधान, सादृश्यविधान आदि विभिन्न प्रविधिको प्रयोग गरेर उक्ति वा भनाइलाई विचित्र, विलक्षण वा चमत्कारपूर्ण बनाइन्छ (पाण्डेय, २०६५, पृ.२२) । यसमा शीर्षक र भावगत सम्बन्धबाटै उक्तिवैचित्यको विशिष्ट संरचना सुगठित छ । एष्ट्रे चिसो हुनु अनि लाञ्छित जीवनको निरीह अवस्था चित्रित हुनुले यस कुरालाई पुष्टि गरेको

छ । अझ यस कविताले चिसो एष्ट्रे भनेर लक्षणवादसँग सामीप्यता राखेको देखिन्छ । यहाँ कति पनि तातोपन नभएको ठुटौरो र विपन्नको जीवनलाई लक्षणवादसँग राखेर हेर्नु अझै वाञ्छनीय हुन्छ । फ्रान्समा विकसित अर्थविज्ञानका विरुद्धको साधारण लक्षणविज्ञानको कोणबाट प्रस्तुत कविताको शीर्षकमा ध्वनि सौन्दर्यलाई पहिचान गर्न सकिन्छ । साधारण लक्षणविज्ञानको एक शाखाका रूपमा कविताशास्त्र आयो । यसर्थ लक्षणविज्ञान सङ्केतहरूका रूपमा प्रयोग हुने चिह्नहरूको अध्ययन अथवा विज्ञान हो । पाठकका कोणबाट काव्य विनिर्माणिक पठन हो जुन ध्वनिशास्त्रको अर्थपक्षसँग अर्थात् व्यङ्ग्यार्थसँग निकट देखिन्छ (अधिकारी, २०६९, पृ.१६५-१७५) । कवितामा प्रयुक्त शीर्षकको रूपमा आएको 'चिसो एष्ट्रे' पदावलीले यथार्थमा 'चिसो' शब्दले तातो नभएको अर्थात् निरीह, लाञ्छित भएको र 'एष्ट्रे' शब्दले असफल जीवनलाई सङ्केत गरेको छ ।

यसर्थ उल्लिखित सन्दर्भलाई समग्रतः हेर्दा कवि शेरचन नेपाली कविताका स्वच्छन्दवादी-प्रगतिवादी धाराका अग्रणी कवि हुन् । चिसो एष्ट्रे कविता उनको कवितायात्राको उत्तरार्द्धमा लेखिएको उत्कृष्ट गद्य कविता हो । साहित्यका गद्य र पद्य विधामध्ये पद्य विधाअन्तर्गत पर्ने कविता विधाको मुख्य पहिचानको आधार लय सिर्जना हो । काव्यमा विशिष्ट शब्दको प्रयोग भएको हुन्छ । भाषिक विन्यासद्वारा सृजित लय सुगठनभित्र साहित्य सजिन्छ । श्रवणमा मिठास भर्ने लयबोधले गेयात्मक धर्मलाई निर्वाह गर्दछ (रेग्मी, सन् २०२१, पृ.१३६) । प्रस्तुत कवितामा गद्य अन्तरलयको सुगठन पनि उत्तिकै ग्राह्य छ । अतःयस कविताले देखाएको घटनाक्रम यथार्थ भोगाइमा केन्द्रित देखिन्छ । अत्यन्तै लघु गद्य कविता भएर पनि यसमा प्रयुक्त भावलाई सिङ्गो जीवन भोगाइसँग गाँसिएको छ । कविताले एउटा पूर्ण जीवनको भोगाइ र घटनायुक्त सङ्कथनलाई बिम्बात्मक रूपमा प्रकट गरेर ध्वनि सौन्दर्यलाई आन्तरिक संरचनामा कसिलो बनाएको देखिन्छ ।

## निष्कर्ष

पूर्वीय काव्य परम्परामा विकसित साहित्यमा निहित ध्वनि सौन्दर्यका कोणबाट ध्वनिवादी सिद्धान्तका आधारमा चिसो एष्ट्रे उत्तम र उत्कृष्ट कविता हो । प्रस्तुत लघु गद्य कवितामा प्रयुक्त ओठभरि, आँखाभरि, पोल्टाभरि शब्दहरूको प्रयोगले गेयात्मक पक्षबाट पनि ध्वनि सौन्दर्यलाई बोध गराएको छ । वस्तुतः आनन्दवर्धनको ध्वनि सौन्दर्य चिन्तनका आधारमा मूल्याङ्कन गर्दा गद्य अन्तर्लयभित्रको उक्तिवै चित्यका कारण यो उत्कृष्ट कविता हो । यसमा भावपक्षमा कलात्मक संरचनाको ध्वनिसौन्दर्यगत सुगठन रहेको छ । यस कवितामा जीवनप्रतिको यथार्थपरक अवस्था र सबाल्टर्न वर्गको विसङ्गतिबो धलाई चित्रात्मक रूपमा ध्वनित गरिएको छ । सोही असरबमोजिम एउटा ग्रामीण मानिसलाई काठमाडौँ जाने इच्छा बुन्नु, काठमाडौँमा बस्नु र काठमाडौँमासपना पूरा नभएर फर्कनु यस कविताको त्रिआयामिक चित्र हो । यसभित्र पूर्ण संरचना र पूर्ण जीवनको एकसाथ संयोजन हुँदा कलात्मक चातुर्यता झल्किन पुगेको छ ।

विपन्नको जीवनलाई चिसो एस्ट्रेसँग तुलना गरेकाले बिम्ब र अलङ्कारको सफल सुगठन देखिएको

छ । फलतः ध्वनि सौन्दर्यको सिर्जना भएको छ । यसभित्र ठुटा सपना बोकेर हैरान हुँदै घर फर्कनुपर्ने निरीह मानिसको त्रिकोणात्मक परिचित्रभित्र जीवनको पूर्ण अर्थ ध्वनित भएको छ । निष्कर्षतः चिसो एष्ट्रे कवितामा सेलाएको चुरोटको खरानी र विपन्नको मूल्यहीन सपनालाई समानान्तर कोणबाट हेरिएको दृश्य छ । विपन्नका सपना, चाहना र सङ्घर्ष पनि चिसो एष्ट्रेमा टाँस्सिने चुरोटको खरानीजस्तै निरर्थक र बेकारको हुने विसङ्गत यथार्थ भाव कवितामा ध्वनित भएकाले यो उत्तम काव्य हो । यसर्थ उक्तिवैचित्यको संरचनामा यो आनन्दवर्धनको ध्वनि सिद्धान्तमा सबल कविता हो भने भावगत आधारमा सबाल्टर्न वर्गको बाध्यात्मक चित्रणमा एक पूर्ण सङ्कथन पनि हो । अतः यस कवितामा प्रयुक्त रसध्वनि, अलङ्कारध्वनि र वस्तुध्वनिभित्र जीवनको पूर्ण अर्थ रहनुले ध्वनि सौन्दर्य चेतको विशिष्ट भाव प्रवाहित छ ।

## सन्दर्भ सामग्री


अधिकारी, इन्द्रविलास (२०६९), पश्चिमी साहित्य सिद्धान्त, ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०५५), पूर्वीय साहित्य सिद्धान्त, ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६७), साहित्य-प्रकाश, ललितपुर : साझा प्रकाशन ।

गड्तौला, नारायण (२०७१), रस र ध्वनि सिद्धान्त, काठमाडौँ : प्रगति पुस्तक प्रकाशन ।

गौतम, तुलसीप्रसाद (२०७६), गङ्गाप्रवासको व्यञ्जनात्मक अर्थ, वाङ्मय, नेपाली केन्द्रीय विभाग. कीर्तिपुर. पृ. १८-२८ ।

गौतम, लक्ष्मणप्रसाद (२०६६), समकालीन नेपाली कविताका प्रवृत्ति, काठमाडौँ : पैरवी प्रकाशन ।

नेपाल, शैलेन्दुप्रकाश (२०७३), ध्वनितात्विक समालोचना : औचित्य र स्वरूप, प्रज्ञा, अङ्क २, पूर्णाङ्क ११४, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान. पृ. ५३-६० ।

पाण्डेय, ताराकान्त (२०६५), समसामयिक कविताको संरचना, नेपाली केन्द्रीय विभाग. कीर्तिपुर ।

पौडेल, विष्णुप्रसाद (२०५७), संस्कृत काव्यशास्त्र, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

पौड्याल, कृष्णविलास (२०६८), पूर्वीय साहित्य सिद्धान्त, काठमाडौँ : श्री कृष्ण प्रकाशन गृह ।

भट्टराई, रमेशप्रसाद (२०७०), समय-सौन्दर्य, पर्यावरण र कविता, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल (२०६३), साहित्यशास्त्र र नेपाली समालोचना (दोस्रो संस्करण) काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

रिसाल, राममणि (२०६९), नेपाली काव्य र कवि, ललितपुर : साझा प्रकाशन ।

रेग्मी, कमला (सन् २०२१), 'मैनबत्तीको शिखा' कवितामा लयविधान, सिद्धज्योति इन्टरडिसिप्लेनरी जर्नल (एसआइजे), सिन्धुली : सिद्धज्योति शिक्षा क्याम्पस ।

शर्म्मा (सिग्देल), सोमनाथ (२०५८), साहित्य प्रदीप, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शेरचन, भूपी (२०७४),घुम्ने मेचमाथि अन्धो मान्छे, ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, तारालाल (२०६८), शक्ति, स्रष्टा र सबाल्टर्न, काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।